बैठक नं. ०२
मिति: २०७७/०५/१५
समय: १:०० बजे
स्थान: कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०७७/०५/१५ गते सोमबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तानज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थिति:

| | | |
|---|---|---|
| | श्री टंक बा. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुकुमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बाँ. मोक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छा लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. भोलन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा. थिङ्ग | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलाल मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राम माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री रामप्रसाद शर्मा | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री प्रकाश राई | माइन्युट सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्याम सुन्दर महतो | स्वास्थ्य शाखा प्रमुख |

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कार्तिकठाँटी, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रस्तावहरु

१) कोरोना भाइरस ( कोभिड) १९) रोकथाम रणनीति सम्वन्धमा ।
२) खरिद समिति सम्वन्धमा ।
३) प्रोत्साहन भत्ता सम्वन्धमा ।
४) नामटार क्वारेन्टाइन रकम विनियोजन सम्वन्धमा ।
५) कार्य सम्पन्न भइ भूक्तानी दिनू पर्ने रकम सम्वन्धमा ।
६) लागत साझेदारी योजना सम्वन्धमा ।
७) व्याक हो लोडर संचालन कोष सम्वन्धमा ।
८) दैनिक ज्यालादारीमा ब्याक हो लोडर चालक र सहचालक र हल्का सवारी चालक नियुक्ति सम्वन्धमा ।
९) भूक्तानी दिन वाकीको कच्चावारी सम्वन्धमा ।
१०) कर्मचारी कोरोना विमा सम्वन्धमा ।
११) जग्गा उपलव्ध गराउने सम्वन्धमा ।
१२) जिल्ला आयोजना कार्यान्वयन इकाइ अर्न्तगतका भूकम्प कार्यालयका कर्मचारी व्यवस्थापन सम्वन्धमा ।
१३) थ्री जी टावर सम्वन्धमा ।
१४) विविध

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस कोभिड १९का कारण यस गाउपालिका पनि प्रभावित हून सक्ने संभावना वढीरहेकोले सम्भावित जोखिमलाइ न्युनिकरण गर्न तपशिलमा उल्लेखित रणनीति अवलम्वन गर्ने निर्णय गरियो ।

तपशिल

१) कैलाश गाउपालिका क्षेत्र भित्र अत्याआवश्यक सवारी साधन वाहेक अन्य सवारी साधनहरुको आवागमन पुर्णरुपमा वन्द गर्ने ।
२) अत्याआवश्यक खाद्य सामाग्री विक्रि वितरण गर्ने पशल किराना पशल विहान ५ वजे देखि ८ वजे सम्म र वेलूका ५ वजे देखि ६ वजे सम्म मात्र संचालन गर्ने ।
३) गाउपालिका क्षेत्र भित्र मन्दीर, चर्च ,गूम्वा ,मस्जित पूर्ण रुपमा वन्द गर्ने ।
४) यस अवधि भर धूमधाम सगको विवाह,पूजापाठ ,मेला महोत्सव, भोज भतेर गर्न पूर्ण वन्द गर्ने ।
५) कैलाश गाउपालिका क्षेत्र भित्र अन्य पालिकावाट प्रवेश गर्ने मानिसहरुको पिसिआर रिर्पोट आए पछि मात्र प्रवेश अनूमती दिने ।
६) अत्याआवश्यक वस्तू ढुवानी गर्ने प्रयोजनको लागी वडा स्तरिय अनूगमन तथा आपुर्ति समिति गठन गर्ने । उक्त समितिको सिफारिसमा मात्र ढूवानीको व्यवस्था मिलाइनेछ ।

Scanned with CamScanner

७) शिक्षकहरुलाइ पि.सि.आर गराइ स्वास्थ्य जागरण अभियानमा परिचालन गर्ने ।
८) नेपाल सरकारको सुरक्षा मापदण्ड पालन गरि कैलाश गाउपालिकाको विकास निर्माण लाइ निरन्तरता दिने , विकास निर्माणमा संलग्न अन्य पालिकाहरुवाट प्रवेश गर्ने कामदारहरुलाइ पि.सि.आर गराइ विकास निर्माणमा संलग्न गराउने ।
९) विकास निर्माण गर्दा श्रममूलक प्रविधी अवलम्वन गरि रोजगारी सृजना गर्ने ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउपालिका कार्यालयमा गठन भएको खरिद इकाइलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा नेपालमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस( कोभिड १९) को व्यवस्थापन तथा रोकथाम नियन्त्रणमा खटने कर्मचारी तथा स्वास्थ्य कर्मीहरुलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने कार्यविधि २०७७ लाइ संशोधन गरि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा कैलाश गाउपालिका वडा नं ९ मा नामटार वजारमा रहेको क्वारेन्टाइन निर्माण र संचालनको लागी ९९५०००। नौ लाख पन्चानव्वे हजार मात्र रुपैया कोरोना कोष (विपद) शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउंपालिकामा आ.व २०७६।२०७७ सालमा वोलपत्र आव्हान भइ संचालन भएका गाउपालिकाको आन्तरिक स्रोत तर्फका योजनाहरु, प्रदेश सरकार स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम र प्रदेश शर्सत तर्फका योजनाहरुको विवरण जानकारी भयो । उक्त योजनाहरुलाइ आगामी सभावाट अनूमोदित गर्ने साथै वैकुन्ठ खोलाखर्क छ्याङ्गदूङ्ग सडक भूक्तानी हून वाकी रकमलाइ तत्काल भैपरी आउने पूजिगत शिर्षकवाट भूक्तानी दिने निर्णय गरियो ।

तपशिल

क) वैकुन्ठ खोलाखर्क छ्याङ्गदूङ्ग सडकको भूक्तानी हूने रकम रु ३३,८८,०००।
ख) कालिकाटार भार्ता सडक योजना १६,६८,०००
ग) स्यार्से घैराङ्ग सडक पहिलो चरण २१,१६,०००
घ) स्यार्से घैराङ्ग सडक दोस्रो चरण ११,५५,२००

Scanned with CamScanner

ङ) गोगने कालिकाटार दोस्रो चरण सडक योजना ४७,०८,९००
च) अल्छे कप्सेरी चामाखर्क खोला सुगूरे भुजुङ्गे सडक योजना दोस्रो चरण ६४,०७,४००।
छ) घूमाउने वूकूटे लिक्चे सडक योजना पहिलो चरण २५,५५,०००
छ) घूमाउने वूकूटे लिक्चे सडक योजना दोस्रो चरण ३९,२९,५००
ज) गोगने कालिकाटार पहिलो चरण सडक योजना ६२,९१,३००
झ) भार्ता छयाङ्गदरङ्ग खोलाखर्क सडक योजना ४२,०२,७००
ञ) गोगने खानेपानी आयोजना ३२,०६,०००

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउपालिकाको लागी नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालय प्रशासन तथा योजना महाशाखा सिंहदरवार, काठमाण्डौको पत्र संख्या ०७७।०७८ चलानी नं ४३ अनूसार स्थानीय तहमा साझेदारी मार्फत पर्यटकीय गन्तव्यहरुको विकास गर्न पर्यटन पुर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम मार्फत प्रस्ताव माग गर्ने भनि पत्राचार भएकोमा उक्त कार्यक्रमको लागी यसै गाउपालिकाको वडा नं १ र २ मा पर्ने कैलाश वैकून्ठ र गूप्तेश्वरी धाम स्वीकृतिको लागी पठाउने निर्णय निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छफफल गर्दा यस गाउपालिकामा रहेको व्याक लोडर संचालन तथा व्यवस्थापनको लागी व्याक हो लोडर संचालन कोष स्थापना गर्ने निर्णय गरियो साथै उक्त कोषमा रकम रु दश लाख मात्र भैपरी आउने पूजिगत शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउपालिकामा रहको व्याक हो लोडर र कार्यालयको सवारी चालक १, १ जना र सहचालक १ जनालाइ दैनिक ज्यालादारीमा जिल्ला दररेटमा काममा लगाउने निर्णय गरियो ।

तपशिल

क) व्याक हो लोडर चालक श्री देवथापा मगर
ख) सवारी चालक श्री सुरेन्द्र घलान
ग) व्याक हो लोडर सहचालक श्री अजय प्रजा

निर्णय नं : ९

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं : ९ माथि छलफल गर्दा यस गाउपालिकामा आ.व २०७६।२०७७ सालमा कार्य सम्पन्न भएका तर भूक्तानी हून वाकी चालू र पूजिगत रकमलाइ तपशिल वमोजिम स्वीकृती गर्ने निर्णय गरियो ।

तपशिल

क)उन्तत जातको वोका वितरण कार्यक्रम ७५ प्रतिशत अनूदान२८००००० अल्या शिर्षक सभावाट

| | | |
|---|---|---|
| ख) | मिनि ट्रिलर कार्यक्रम ५० प्रतिशत अनूदान | ६००००० अल्या शिर्षक |
| ग) | गा.पा स्तरिय सडक मर्मत कार्यक्रम | २५७५००० भैपरी आउने पुजीगत |
| घ) | घूमाउने सडक खण्ड मर्मत कैलाश ३ | ७०००० भैपरी पूजिगत |
| ङ) | सडक सरसफाइ कैलाश ७,८,३ | ९७२०० भैपरी पूजिगत |
| च) | च्याखेटार सडक खण्ड मर्मत कैलाश ३ | ७३९०० भैपरी पूजिगत |
| छ) | इन्धन भूक्तानी वाकी | ५९००० यस आव चालू |
| ज) | कैलाश गापा स्तरिय परिक्षा समिति | ३००००० अल्या |
| झ) | जस्तापाता खरिद खरको छाना मूक्त कार्यक्रम | २०००००० गत अल्या |
| ञ) | सहिद स्मृति फाउन्डेसन | १००००० गत अल्या |
| ट) | ५ वडा कार्यालय विद्यूततिकरण | ४५००० मर्मत |
| ठ) | गाडी भाडा आत्मराम सूवेदी ह्युम पाइप ढुवानी | ४०००० अन्य भाडा |
| ड) | ताम्सासिङ्ग खवर हेटौडा | ३०००० सुचना तथा संचार |
| ढ) | RDT टेस्ट विविध खर्च गोगने नामटार | ३८५५० विविध |
| ण) | सन्देश मिडिया एण्ड एभरटाइजिङ्ग | २७२३० सूचना |
| त) | मन्जिल मल्टी प्रपोज क. प्रा.लि काठमाण्डौ | ५९६६४ कार्यालय सामान |
| थ) | क्लासिक एभरटाइजिङ्ग प्रा.लि काठमाण्डौ | ४६६७०७ विज्ञापन तथा सुचना |
| द) | एस .एस मिडिया प्रा.लि काठमाण्डौ | ३३९२४८ विज्ञापन |
| ध) | कालिका मावि कैलाश उदघाटन कार्यक्रम | २९८९०० विविध |
| ञ) | सासु कर वितरण खर्च (विविध) | २२५५० विविध |
| ट) | मसलन्द सागर स्टेशनरी एण्ड जनरल सप्लायर्स | ४४४३७२ कार्यालय सामान |
| ठ) | कृतज्ञ सप्लायर्स हेटौडा | ४९९४३६ कार्यालय समान |

निर्णय नं १०

प्रस्ताव नं १० माथि छलफल गर्दा यस कार्यालयका जनप्रतिनिधी करार कर्मचारीहरुको कोरोना विमाको लागी भैपरी आउने चालू. शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा नेपाली सेना पूरानो गोरख दलको च नं ६५७५ को प्राप्त पत्रअनूसार यस गाउंपालिका वडा नं ८ भार्ता इलाकामा सूविधा सम्पन्न वर्थिङ्ग सेन्टर निर्माण गर्ने कार्यक्रम रहेकोले उक्त भवनको जग्गाको लागी आवश्यक जग्गा उपलव्ध गराइ दिने भनि पत्राचार गरेकोले उक्त वर्थिङ्ग सेन्टरको लागी वडा नं ८ को वडा कार्यालयको जग्गा रहेको स्थानमा निर्माण गर्न अनूरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १२

प्रस्ताव नं १२ माथि छलफल गर्दा यस गाउपालिकामा जिल्ला आयोजना कार्यान्वयन इकाइमा कार्यरत प्राविधिक कर्मचारीहरुलाइ तपशिल वमोजिमका वडा कार्यालयमा तपशिल वमोजिम खटाउने निर्णय गरियो ।

तपशिल

क) वडा नं ७ मा सव इन्जिनियर केशव कूंवर

ख) वडा नं ८ मा सव इन्जिनियर सूरज गीरी

ग) वडा नं ४ मा सव इन्जिनियर रन्जित कूमार शाह

घ) वडा नं ९ र १० असिस्टेन्ट सव इन्जिनियर शंकर आचार्य

निर्णय नं १३

प्रस्ताव नं १३ माथि छलफल गर्दा यस गाउपालिका क्षेत्रमा थ्री जीको सेवा नभएकोले गाउपालिकावाशीहरु सुचना र संचारको पहूंचवाट टाढा रहेकोले सुचना र संचारको पहूचलाइ सहज वनाउन तपशिलको स्थानमा यथासक्य चाडो थ्री जी टावर स्थापना गरि सेवा विस्तारको लागी नेपाल टेलिकमलाइ अनूरोध गर्ने निर्णय गरियो ।

तपशिल

(क) कैलाश गाउपालिका केन्द्र नजिकै कालिकाटार कैलाश ३

(ख) कैलाश गाउपालिका ठूलोडाडाखर्क वडा नं १ वडा कार्यालय नजिकै

(ग) कैलाश गाउपालिका डूम्रे वडा नं ७ को वडा कार्यालय नजिकै

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १४ विविध

क) यस गाउकार्यपालिकाको वैठकको निर्णय अनुसार गत आ.वको सडक सरसफाइको रकम भूक्तानी सम्वन्धमा गठीत अध्ययन समितिको प्रतिवेदनलाइ स्वीकृत गरी भूक्तनी गर्ने निर्णय गरियो ।

ख) यस गाउपालिकामा गठीत करार सेवामा प्रधानमन्त्री रोजगार कार्यक्रमको ओभरसियर पदको पदपूर्ति समितिलाइ अनूमोदन गर्ने निर्णय गरियो ।

ग) वडा नं ४ को आधारभूत स्वास्थ्य चौकी भवन निर्माणका लागी सोही वडा वस्ने श्री कर्ण वहादूर थीङ्गले निशूल्क ३ रोपनी जग्गा उपलव्ध गराउन र गाउपालिका कार्यालयको कार्यालय भवन र कर्मचारी आवाश भवनको लागी कैलाश गाउपालिका वडा नं ३ वस्ने सिंहराम घलानले वडा ३ रहेको १ रोपनी जग्गा उपलव्ध गराउन मन्जूर रहेकोले उक्त जग्गा नेपाल सरकार भुमी व्यवस्था तथा गरिवी निवारण मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग मालपोत तथा भूमि सुधार शाखा ववरमहल काठमाण्डौको पत्र संख्या २०७६।२०७७ चलानी नं १६४५ को परिपत्रले नेपाल सरकार प्रदेश सरकार एवं स्थानीय तहका कार्यालयहरुले कार्यालय भवन निर्माणका लागी निशूल्क रुपमा जग्गादातावाट प्राप्त हूने जग्गाको निर्णय गराउने प्रयोजनको लागी जिल्ला प्रशासन कार्यालयमा गठन हूने समितिले जग्गा प्राप्त हूने आधारहरुका आधारमा मात्र जग्गा प्राप्त हूने व्यवस्था रहेकोमा सो प्रकृया पूरा गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयले निर्णय गर्ने व्यवस्था रहेकोमा उल्लेखित आधारभूत स्वास्थ्य चौकी , गाउपालिका भवनको जग्गा र कर्मचारी आवाश भवनको जग्गा तत् निकायको नाममा नामसारी गरि दिनू हूनू संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखामा जिल्ला प्रशसन कार्यालय हेटौडा , मकवानपूरलाइ सिफारिसका लागी अनूरोध गर्ने निर्णय गरियो ।

(घ) यस गाउपालिका वडा नं ९ का वडा अध्यक्ष श्री सूमन लटौलालाइ रु ५० हजार मात्र उपचार खर्च दिने निर्णय गरियो ।

(ड) जिल्ला समन्वय समिति मकवानपूरको पाचौ जिल्ला सभावाट यस गाउपालिकाको प्रशासनिक भवन निर्माणको लागी रकम रु दुइ करोड मात्र विनियोजन भएकोले उक्त योजना सम्झौताको लागी वोलपत्र आव्हान सग सम्वन्धित सम्पूर्ण विवरण तयार गरि जिल्ला समन्वय समिति हेटौडा संग सम्झौता गरि रकम निकाशाका लागी अनूरोध छ ।

Scanned with CamScanner